# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/७९ ०७६।७७
च.नं.: ८३२

मितिः २०७६/१०/२०

**विषय :- सम्झौता गर्न आउने बारे पुनः ताकेता ।**

श्री सन्ध्या सन्देश निर्माण सेवा (प्रो. यज्ञ प्रसाद खनाल),
व्यास न.पा. ८, तनहुं ।

प्रस्तुत विषयमा यस देवघाट गाउंपालिकाको को ठे.नं. ७/२०७६/०७७, देवघाट गा.पा. वडा नं. ५ स्थित कालीगण्डकी नदि कालीभतेरी घाट बाट नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदि) उत्खनन गरि विक्रि वितरण गर्ने कार्यको तपाईले यस कार्यालयमा पेश गर्नुभएको बोलपत्र स्वीकृत भई सम्झौता गर्न आउनको लागि मिति २०७६/९/२९ मा पत्र लेखिएकोमा हालसम्म पनि सम्झौता गर्न नआउनु भएको हुंदा यो पत्र लेखिएको छ । अतः यो पत्रको मितिले ३ (तीन) दिनभित्र आफूले कबोल गरेको रकम (भ्याट र अग्रिम आयकर समेत) यस कार्यालयको खातामा जम्मा गरेको बैंक भौचर वा नियमानुसार बैंक जमानीपत्र सहित सम्झौता गर्नको आउनुहोला, अन्यथा तपाईंको धरौटी रकम जफ्त हुनुको साथै दोश्रो अधिकतम कबोल अंक पेश गर्ने फर्मसंग भएको फरक रकम समेत असुल गर्ने र कालोसूचीमा राख्ने तर्फ आवश्यक कार्यवाही अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत